# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, वैशाख १२ गते २०५८ साल (अतिरिक्ताङ्क ५

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

श्री ५ महाराजाधिराजका हजूरमा न्याय परिषद्मार्फत पाल्पा जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री रघुनाथ अर्यालले स्वास्थ्यको कारण दर्शाई २०५८ साल वैशाख ५ गतेदेखि लागू हुने गरी आफ्नो पदबाट चढाउनु भएको राजीनामा मौसूफबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम स्वीकृत गरिबक्सेको छ।

### सूचना २

श्री ५ महाराजाधिराजबाट नेपाल नागरिकता ऐन, २०२० लाई संशोधन गर्न बनेको विधेयक, २०५७ (अर्थ विधेयक)को दफा २ नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८ र ९ अनुकूल छ वा छैन ? भन्ने सम्बन्धमा सर्वोच्च अदालतको राय बुझ्न मिति २०५७ साल फागुन ९ गतेका दिन हुकुम बक्स भएकोमा सर्वोच्च अदालतले आज मौसूफका हजूरमा राय चढाएको छ।

हुकुम बक्से बमोजिम,

पशुपतिभक्त महर्जन

श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

20